# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (महिला तथा बालबालिका विकास शाखा)

मणिलेक,डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल ।

**सूचना प्रकाशित मितिः२०७८।१०।२७गते**

अति विपन्न तथा पछाडि पारिएका समुदायका महिलाहरु (कोभिडबाट प्रभावित समेत )को लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम सन्चालन गर्न संस्था छनौट सम्बन्धी सुचना ।

उपरोक्त सम्बन्धमा यस शाखाको आ व २०७८।७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नुपर्ने भएकाले ईच्छुक प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आवश्यक कागजात सहित नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिन्छ।

**आवश्यक कागजातहरु**

- संस्थाको विधान ,परिचय, उदेश्य, कार्यसन्चालन प्रक्रिया, भौतिक तथा वितिय स्रोत सम्बन्धी विवरण
- प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण
- प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण
- कालोसूचीमा नपरेको र प्रचलित कानुनवमोजिम अयोग्य नरहेको स्वःघोषणा
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथ सशक्तिकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयान कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

**नोटः** *प्रस्ताव छनौट तथा कार्यक्रम संचालन "जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड २०७७" वमोजिम हुनेछ ।*

२०७८।१०।२६

सिद्ध राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**सिद्धराज शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**